# संचारिका फिचर सेवा

Sancharika Samuha
समानताको लागि सञ्चार
Community for Equality

वर्ष ११ अंक १० मासिक असोज/कात्तिक October, 2008



- इन्टरनेट डायरीको कमाल : फैलिँदै छ ब्लगको जालो ✍ आन्विका गिरी
- अनिँदो र रक्सीको असर : ड्राइभरहरूमा प्यारालाइसिस ✍ इन्दिरा आचार्य
- शिविरभित्रको बिचल्ली भत्किए सपनाहरू ✍ मनीषा खिम्दुङ राई
- अलैंचीले जीवन हराभरा ✍ रमला सिङ्गक

**लिम्बू**

- सन् २०१५ सम्म सबै साक्षर ✍ इन्दिरा अर्याल
- जङ्गलमै सामूहिक खेती आत्मनिर्भर हुँदैछन् मुक्त कमैया ✍ दुर्गा देवकोटा
- पिपलाडीमा द्वन्द्वको आलो घाउ : उनीहरू कहाँ छन् ? ✍ लोगशरी कुँवर





सञ्चारिका समूह/नेपाल

# इन्टरनेट डायरीको कमाल

आफ्ना निजी कुरा लेख्ने क्रमबाट सुरु भएको इन्टरनेट डायरी 'ब्लग'मा अहिले राजनीति र सामाजिक मुद्दाको बाढी नै छ । सहर-बजारमा यस्तो पुस्ता पनि तयार हुँदै छ जो ब्लगमार्फत संसार चहार्छ । यो जोश र शैली हेर्दा लाग्छ- संसार साँच्चै सानो हुँदैछ ।

✍ **आन्विका गिरी**

**काठमाडौं**/'जेड एक्सप्रेस' झट्ट सुन्दा राजधानीबाट पूर्व-पश्चिम छुट्ने कुनै बस सेवाको नामजस्तो लाग्छ । तर, वास्तविकता अर्कै छ । यो एकजना २४ वर्षीया युवतीको इन्टरनेट डायरी अर्थात् 'ब्लग' हो । उनले जेड एक्सप्रेसमा आफूलाई एक्लो ड्राइभरका रूपमा चित्रण गरेकी छिन् । तर, तपाईं उनको ब्लगमा टिप्पणी गर्दै यात्रुको रूपमा उनीसँगै यात्रा गर्न पनि सक्नुहुन्छ। तपाईंले यात्रा गर्न बस काउन्टरबाट टिकट काट्नुको साटो इन्टरनेट माध्यमबाट उनको 'साइट'मा छिरे पुग्छ । त्यसपछि सुरु हुनेछ तपाईं र उनको ब्लग यात्रा । जहाँ तपाईंले उनका गम्भीर राजनीतिक टिप्पणीदेखि प्रेम र सामाजिक विषयका चाखलाग्दा अनुभूतिहरू पढ्न पाउनुहुनेछ ।

हो, तपाईं आफ्नो कार्यालय, घर वा साइबरमा बसेर कतिबेला गम्भीर र कतिबेला हाउडे लाग्ने यस्ता थुप्रै केटाकेटीसँग यात्रा गर्न सक्नुहुन्छ, ब्लगमार्फत । निर्धक्कसँग आफ्ना कुरा लेख्न पाउने अनि लेखिएका सामग्री प्रकाशनका लागि सञ्चारमाध्यम र सम्पादककहाँ धाइरहन नपर्ने, आफैंमा रमाइलो र आनन्दको छ यो ब्लग यात्रा । त्यसैले हुनसक्छ, त्यही उमेरकै अर्की युवती अभिनाशीले आफ्नो ब्लगको नाम नै *ब्लगडम वि फर फ्रिडम* राखेकी छिन् । उनी युनाइटेड बी ब्लगमा फाट्टफुट्ट कमेन्ट लेख्दालेख्दै ब्लगर हुन पुगेकी थिइन् । यतिसम्म कि आफ्नो पूर्वप्रेमीले प्रेम-सम्बन्ध टुट्नुअघि पठाएको इमेललाई समेत ब्लगमा राखेकी छिन् उनले । भन्छिन्, 'त्यसैले त म ब्लग गर्छु ।'

आफूलाई मैच्याङ र रोमा भन्ने दुई स्कुलेकेटीले पनि भर्खरै एकसाथ ब्लग सुरु गरेका छन् । उनीहरूले आफ्नो ब्लगमा विद्यालयका विभिन्न प्रतियोगिता हारेको तीतो अनुभव लेखेका छन् । आफूलाई किन कोही मन पर्दैन भन्ने उल्लेख गरेका छन् । यति हुँदाहुँदै पनि मैच्याङलाई आफू नियमित ब्लगर हुने कुरामा शङ्का छ। दिनभर स्कुल, त्यसपछि घरमा होमवर्कको चटारो, समय निकाल्न निक्कै गाह्रो हुने गर्छ । तर, यति व्यस्त हुँदाहुँदै पनि ब्लग गर्नुको मज्जा नै बेग्लै । यो पनि लेखेका छन् उनीहरूले ।

मेरो संसार डटकममा केही समय लेखेकी निलम घिमिरे आफूलाई ब्लगर नै भनिहाल्न रुचाउँदिनन् । तर, उनको ब्लगलाई मेरो संसारका धेरै 'भिजिटर्स'ले मन पराएका थिए । नेपालभित्रका प्रायः सबै केटीमान्छेले सञ्चालन गरेका ब्लगहरू आफ्नै गन्थनमा आधारित छन् । पेसाले वेब डिजाइनर अर्चनाको ब्लग होस् या विद्यार्थी साधनाको, सबैका आफ्नै कुरा हुन्छन् । जीवनमा दिक्क लागेका, रमाइला लागेका क्षणलाई उनीहरू ब्लगमा राख्छन् । त्यसो त ब्लगको अवधारणा नै आफ्ना कुरा वेब पेजमा राख्ने क्रमबाटै सुरु भएको हो । फाट्टफुट्ट मात्र राजनीतिक विषयमा ब्लग गर्नेहरू पनि छन् । तर, नेपालमा मात्रै होइन, विश्वमै राजनीतिक विषयमा कमै ब्लग गर्छन् भन्ने विश्वास गरिन्छ ।

महिलाले कम ब्लग गर्ने र त्यसमा राजनीतिक विषयसमेत नसमेटिनुको कारणबारे बेलायतकी एन विडकोम्बे, जो आफ्नै वेबसाइट भएकी सम्भवतः पहिलो महिला राजनीतिज्ञ हुन्, भन्छिन्, 'ब्लग गर्नका लागि थुप्रै समय लगानी गर्नुपर्छ, जो महिलालाई असम्भवजस्तै छ ।' समयाभाव पुरुष ब्लगरलाई पनि नहुने होइन । तर, उनीहरू सकभर समयको व्यवस्थापन गर्न सक्छन् । साथै उनीहरू राजनीतिक विषयमा बढी जिज्ञासु र केन्द्रित हुने तथा सधैं ब्लग गर्दा आफूलाई सुरक्षित राखेका पनि हुन्छन् । महिला र पुरुषले चलाएका ब्लगमा पाइने अन्तरबारे ब्लगर अवि भन्छन्, 'केटीका ब्लगहरू तुलनात्मक रूपमा रमाइला र ग्ल्यामरस लाग्छन् ।'

> 'धेरैजसो इन्टरनेट प्रयोगकर्ता पुरुष हुन्छन् । त्यसैले यहाँ पनि विपरीत लिङ्गप्रतिको आकर्षणमा छुट छ ।'

यो त भयो ब्लगरहरूको कुरा । पाठकहरूचाहिँ के भन्छन् ? जाभाकफी हाउस (उनले रोजेको नाम) नामका पाठक भन्छन्, 'केटीका कुरा रमाइला हुन्छन् ।' अर्का पाठक जीवन लामाको विचार अलि भिन्नै छ । उनी भन्छन्, 'केटा र केटीभन्दा पनि मचाहिँ जसको कुरा रमाइलो हुन्छ त्यसकै पढ्छु ।' तर, यति हुँदाहुँदै पनि इन्टरनेटमा महिलाको पहुँच बढ्न थालेकाले हौसला नै दिन भए पनि आफूले महिलाका ब्लग हेर्ने र पढ्न थालेको उनको भनाइ छ । सुविन शर्माको धारणाचाहिँ अलि भिन्न छ, 'ब्लगर भनेको ब्लगर हो, केटा र केटीले केही फरक पार्दैन, त्यो पढ्नलायक भने हुनुपर्छ ।'

ब्लगर केटा वा केटी हुँदाको फरक के छ त ? अभी भन्छिन्, 'धेरै नै फरक पार्छ । मेरो ब्लग पढ्ने धेरैले म केटी भएकै कारण पढेका हुन् भन्ने म ठान्छु ।' हाम्रो ब्लगका केपी थप्छन्, 'केटीहरू नरम भाषा प्रयोग गर्छन्, केटीका ब्लग रोचक हुन्छन् ।' पाठकले दिने प्रतिक्रियामा पनि त्यो फरक देखिन्छ । ब्लगर दर्शन भन्छिन्, 'केटीमान्छेका ब्लगमा पाठकले सभ्य भएर प्रतिक्रिया दिन्छन् ।' दीपकचाहिँ महिला ब्लगरहरू भावुक हुन्छन् भन्ने ठान्छन् । एउटा दृष्टान्त दिँदै दीपक भन्छन्, 'अभीले आफ्नो पूर्वब्वाइफ्रेन्डको इमेल प्रकाशित गर्नु यसको प्रमाण हो ।' केपी भन्छन्, 'धेरैजसो इन्टरनेट प्रयोगकर्ता पुरुष हुन्छन् । त्यसैले यहाँ पनि विपरीत लिङ्गप्रतिको आकर्षणमा छुट छ ।'

ब्लग सुरु गर्नु सजिलो छ, निरन्तरता दिन गाह्रो। नेपाली ब्लगर संसारमा नेपाली केटीहरूको आफ्नै संसार छ, जहाँ उनीहरू आफूले जे भोग्यो त्यही लेख्छन्। भलै, ती हाउडे गफ र प्रेमपत्र नै किन नहोऊन्। ब्लगमा राजनीतिक गफ नै हुनुपर्छ भन्ने पनि छैन, हालसालै अमेरिकामा गरिएको एउटा सर्वेक्षणले 'जीवन र अनुभव'सम्बन्धी ब्लग गर्नेको बाहुल्य देखाएको छ।

ब्लग इन्टरनेट डायरी हो, इन्टरनेटमा निःशुल्क पेज उपलब्ध गराउने थुप्रै साइटमध्ये कुनै एउटामा गएर एकैछिनमा ब्लग सुरु गर्न सकिन्छ। वर्ल्डप्रेसडटकम वा ब्लगस्पटडटकम सबैभन्दा चलेका 'साइट' हुन्। धेरै प्राविधिक कुरा थाहा पाइराख्नु पनि पर्दैन, इमेल चलाउन जान्नेहरूलाई खासै समस्या पनि पर्दैन। याहु र हटमेलमा खाता खोलेभन्दा फरक छैन यो, फरक यति हो, लेख्ने जाँगर भएका र आफ्ना कुरा अरूसँग बाँड्न चाहनेहरूले ब्लग गर्न सक्छन्। नेपालमा ब्लगको प्रचलन अझै पनि सीमित छ। नेपाली ब्लगरका ९० प्रतिशत पाठक विदेशमा बस्ने नेपाली हुन्। यो कति महत्वपूर्ण छ भन्ने एउटा उदाहरण छ। राजा ज्ञानेन्द्रले 'कू' गरेपछि त्यसविरुद्ध जनमत अभिव्यक्त गर्ने सशक्त आमसञ्चारमाध्यम ब्लगहरू नै थिए।

■■■

*सञ्चारिका फिचर सेवा / सञ्चारिका समूह*

# अनिँदो र रक्सीको असर : ड्राइभरहरूमा प्यारालाइसिस

**खान-सुत्नको ठेगान नहुने, थकाइ मार्न मदिरा पिउने गाडीचालकहरू धमाधम प्यारालाइसिसको सिकार बन्दै छन्। यो रोगले थलिएका बुटवलका चालक गुप्तबहादुर केसी भन्छन्, 'कति समय गाडी चलाउने, कति आराम गर्ने, के खाने, के नखाने भनेर परामर्श दिए यस्तो विजोग अरूले भोग्नुपर्दैनथ्यो नि।'**

✍ **इन्दिरा आचार्य**

**बुटवल**/ बुटवल नगरपालिका- १३ का लालकाजी गुरुङ हिजोआज राम्रोसँग हिँडडुल गर्नै सक्दैनन्। ४३ वर्षे गुरुङलाई घरबाट भित्र-बाहिर गर्नसमेत अरूको सहारा चाहिन्छ। तिनै लालकाजी, जो कुनै बेला मान्छेले टनाटन भरिएको बस मेचीदेखि महाकालीसम्म गुडाउँथे। बस चलाउँदै, गीत-सङ्गीतमा रमाउँदै पहाडका भीरदेखि तराईका समथर फाँट छिचोल्नु उनको दिनचर्या थियो। शरीरमा तागत रहेसम्म ड्राइभर (गाडीचालक) बनिरहने योजना थियो उनको। तर, अहिले लालकाजीलाई देख्दा उनको विगत पत्याउन गाह्रो पर्छ। उनी अहिले पक्षघात (प्यारालाइसिस) ले थलिएर अपाङ्ग बनेका छन्। २१ वर्षसम्म बस चलाएका उनी आफ्नो अवस्था हेरेर आफैं विलौना गर्दै भन्छन्, 'मेरो सपना आधा जीवनमै तुहियो।'

**चालकको जिन्दगी, न खाना न सुत्नकै टुङ्गो हुन्छ। गाडी चलाउँदाको थकाइको त झन् के कुरा। त्यसमाथि रक्सीलाई साथी बनाएपछि शरीरले कहाँबाट धानोस्।**

गाडीचालकहरू थकाइ मेट्न र कहिलेकाहीँ यात्राकै दौरान निद्रा भगाउन मदिरा सेवन गर्छन्। लालकाजीले पनि मदिरालाई यात्राको साथी नै बनाए। भनिन्छ- चालकको जिन्दगी, न खाना न सुत्नकै टुङ्गो हुन्छ। गाडी चलाउँदाको थकाइको त झन् के कुरा। त्यसमाथि रक्सीलाई साथी बनाएपछि शरीरले कहाँबाट धानोस्। एक वर्ष होइन, दुई वर्ष होइन, वर्षौंसम्म रक्सीको सहारा लिएपछि उनको शरीर थलिँदै गयो। अवस्था यो हदसम्म पुग्यो कि बिस्तारै उनका हातखुट्टा चल्न छाडे। अस्पताल भर्ना भएपछि चिकित्सकले दिएको रिपोर्ट सुनाउँदै गुरुङ भन्छन्, 'मलाई त प्यारालाइसिस भएछ, बेलैमा होस नपुऱ्याउँदा जिन्दगी बर्बाद भयो।'

उनलाई यो हालतमा पुगिएला भन्ने पूर्वानुमान र आशङ्का थिएन। अहिले पछुताइरहेका गुरुङ पहिल्यै थाहा पाएको भए यस्तो विजोगमा बाँच्नु नपर्ने गुनासो गर्छन्। भन्छन्, 'यस्तो हुन्छ भनेर कसैले सिकाएन। पहिल्यै थाहा भएको भए रक्सी छुन्नथैँ, अरू लापरबाही पनि गर्ने थिइनँ।'

लालकाजी त एउटा उदाहरण मात्रै हुन्। यसरी नै थलिएका गाडीचालकको सूची लामो छ। यातायात मजदुर भलाइ कोष रूपन्देहीका अनुसार यो क्षेत्रमा मात्रै थुप्रै गाडीचालक प्यारालाइसिस भएर थलिएका छन्। तथ्याङ्क यकिन नभए पनि कोषको सम्पर्कमा आएका बुटवल र आसपासका २० जना गाडीचालकलाई प्यारालाइसिस भइसकेको छ। उनीहरूमध्ये धेरै ३० देखि ४५ वर्ष उमेरका छन्। धेरैजसो गाडी चलाउन सुरु गरेको १२-१४ वर्षमै र कतिपय २८ वर्षपछि यो हालतमा पुगेको भेटिएको छ।

चिकित्सकहरूका अनुसार, अनिँदो बस्ने र बढी रक्सी सेवन गर्ने गाडीचालकलाई सुरुमा हात, खुट्टा, कम्मर, घाँटी,

ढाड दुख्ने लक्षण देखापर्दछन् र बिस्तारै शरीरका ती भाग कमजोर हुँदै जान्छन् । त्यति हुँदा पनि गाडी चलाइरहने र अनिँदो बस्ने तथा रक्सी पिउने बानी नछाडे पक्षघात हुनसक्छ । यस्ता बिरामीको उपचार गर्दै आएका नसा रोग विशेषज्ञ डा. किशोर खत्री भन्छन्, 'बेलैमा विचार पुऱ्याइएन भने सिङ्गो शरीर नै नचल्ने अवस्थामा पुग्छ ।'

राजमार्गमा चालक र यात्रुका लागि थुप्रै होटल खुलेका हुन्छन् । त्यहाँ भात, चिल्लो धेरै हालेको मसलादार मासु, तरकारी र अमिलो अचार बढ्ता बनाइन्छ । तिनै ठाउँमा नियमित भोजन गर्ने चालकका लागि खानासँगै रक्सी पनि नियमितजस्तै हुन्छ । गाडी चलाउँदा सुत्ने र आराम गर्ने समयको टुङ्गो नहुने हुँदा जबर्जस्ती काममा टिकिरहन उनीहरू यस्तै खाने-पिउने कुरामा अभ्यस्त हुने गर्छन् । तर, त्यही खाना उनीहरूका लागि विष बनिरहेको पत्तै हुँदैन । डा. खत्री भन्छन्, '१२ देखि १४ वर्ष काम गरेपछि चालकहरूमा यो समस्या देखिने गरेको छ । यसबीचमा उनीहरू रक्सीका अम्मली बनिसकेका हुन्छन् र उनीहरूलाई प्यारालाइसिस भइसकेको हुन्छ ।'

बढीजसो बस ड्राइभर यो जोखिममा हुन्छन् । त्यसको कारण हो- बसमा बढी कम्पन हुनु र धेरै पुरानो हुँदासम्म पनि बस सञ्चालनमा रहिरहनु ।

यातायात मजदुर भलाइ कोषका अध्यक्ष कुमार थापा धेरैजसो बसचालकमा कम्मर, घाँटी लुलो हुने, हातखुट्टा नचल्ने, कतिपयको कम्मरभन्दा मुनिको भाग पनि नचल्नेजस्ता समस्या देखिने गरेको बताउँछन् । थापाका भनाइमा यस्तो भएपछि अस्पताल लगेपछि उनीहरूमा प्यारालाइसिस भएको थाहा हुन्छ । कोषमा नाम दर्ता नभएका अन्य थुप्रै चालकमा पनि यो समस्या हुनसक्ने उनको आशङ्का छ । तर, बुटवलका कुनै पनि अस्पतालमा गाडी चलाएकै कारण प्यारालाइसिस भएका बिरामी चालकको विवरण भेटिँदैन ।

लगातारको लामो यात्रामा कम्पन मात्र खेप्नुपर्ने भएकाले चालकलाई बढ्ता व्यायामको आवश्यकता पर्छ । तर, धेरैजसो चालक व्यायाम गर्दैनन् । होहल्लामा बसेर सिधा अगाडि हेर्दा टाउको, सिधा बसिरहँदा ढाड र लामो समयसम्म गाडीको कम्पनमा रहँदा कम्मर तथा खुट्टामा असर पर्छ । त्यसमाथि अनिँदो, चिन्ता, चिल्लो खाना र मदिरापानले रक्तचाप पनि बढाउँछ । डा. खत्रीका अुनसार, रक्तचापको समयमा उपचार नगर्दा पनि स्टोक (दिमागमा रगतको नशा फुट्ने) हुने र त्यसपछि प्यारालाइसिस हुने गर्दछ ।

एमाले निकट यातायात स्वतन्त्र मजदुर सङ्गठन रूपन्देहीले आफ्नो सङ्गठनमा आबद्ध यस्ता चालकलाई तीन हजार रुपैयाँको सामान्य सहयोग दिने गरेको छ । सङ्गठनमा आबद्ध १२ जना त्यस्ता चालकले सहयोग पाएको सङ्गठनका सचिव हरि कार्की बताउँछन् । यातायात मजदुर भलाइ कोषले उनीहरूलाई मासिक एक हजार रुपैयाँ सहयोग गर्छ । कोषका अध्यक्ष थापा भन्छन्, 'यो पैसाले उनीहरूलाई महिनाभरि औषधि किन्न पनि पुग्दैन, तैपनि केही नहुनुभन्दा यतिसम्म भए पनि सहयोग गरेका छौँ ।'

प्यारालाइसिसबाटै थलिएका बुटवल दीपनगरका ड्राइभर गुप्तबहादुर केसीको सुझाव छ, 'सरकार, गैरसरकारी संस्था, यातायात सङ्घ/सङ्गठन र मजदुर सङ्घले गाडी चलाउनुपुर्व ड्राइभरहरूलाई परामर्श दिए धेरै ड्राइभर प्यारालाइसिस हुनबाट जोगिने थिए ।' उनको सुझाव छ, 'कति समय गाडी चलाउने, कति आराम गर्ने, के खाने, के नखानेजस्ता परामर्श दिए हाम्रोजस्तो विजोग अरूले भोग्नु त पर्दैनथ्यो नि ।'

■■■

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

# शिविरभित्रको बिचल्ली भत्किए सपनाहरू

**२१ वर्षीया जलेसा खातुनको पहिलो सन्तान छोरी जन्माएपछिको सपना थियो, 'छोरी राम्ररी स्याहार्ने, हुर्काउने, पढाउने र जागिरे बनाउने ।' तर, अलिअलि भएको जायजेथा कोसीको बाढीले बगाएपछि उनले अहिले त्यस्तो सपना देख्नै छोडेकी छिन् ।**

**✍ मनीषा खिम्दुङ राई**

**सुनसरी**/ बाढीबाट बल्लबल्ल बाँचेकी जलेसा खातुन अहिले छोरीसँग शिविरमा बसेकी छिन् । पाइलापाइलामा अभाव छ । छोरी सुताउने कपडा छैन । पौष्टिक खानाको कमी छ । परिणाम दूध आउन छाडेकोले छोरीलाई पनि कुपोषण हुने खतरा छ । निराश खातुन भन्छिन्, 'छोरी बचाउन मुस्किल पऱ्यो, कसरी बढाउने होला ?'

छिमेकी लौकहीकी २५ वर्षीया सकुनीदेवी सदाको कथा अलि बेग्लै छ । सकुनी पहिलोपटक गर्भवती भएकी हुन्, उनी बच्चा जन्माउने मिति कुरेर बसेकी छिन् । उनको

सपना थियो- राम्रो अस्पतालमा बच्चा जन्माउने । तर, राम्रो को के कुरा, अस्पताल पुग्न पाउने-नपाउने यकिन छैन । शिविरको बसाइमा कसरी बच्चा जन्माउने र हुर्काउने, तनावमा छिन् उनी । तै पनि दिन गनेर बस्नुको विकल्प छैन ।

खातुन र सदाको जस्तो व्यथा धेरैको छ । गएको भदौ २ गते सप्तकोसी तटबन्ध भत्किएपछि आएको बाढीले हजारौं विस्थापित भएका छन् । यसरी विस्थापितमध्ये सुनसरीका पश्चिम कुशाहा, श्रीपुर, हरिपुर र लौकही चार गाविसका मात्रै करिब तीन सय गर्भवती र एक सय ७० सुत्केरी अहिले पनि शिविरमा विजोग खेपिरहेका छन् ।

विस्थापित बालबालिका शिक्षाबाट पनि वञ्चित छन् । एक तथ्याङ्कअनुसार करिब २२ हजार विद्यार्थी नियमित रूपमा स्कुल जान पाइरहेका छैनन् । जिल्लाका विभिन्न क्याम्पस, विद्यालय, मदरसा गरेर २५ वटा शिक्षण संस्थामा शिविर राखिएको छ । यसले गर्दा त्यहाँका बालबालिका पनि नियमित पठनपाठनबाट वञ्चित छन् । सरकारी निकायको विवरणअनुसार, सप्तकोसीको तटबन्ध फुटेपछि त्यस क्षेत्रका ४७ हजार बालबालिकाको अध्ययन प्रभावित भएको छ ।

खानामा अनियमितता, पौष्टिक खाद्यान्नको कमी, चिसो भुइँको बासजस्ता कारणले गर्भवती महिलामा ज्वरो, खोकी, निमोनियाजस्ता रोग देखिन थालेका छन् । इनरुवा नगरपालिका- ६ स्थित ज्ञानोदय निमाविको शिविरमा रहेकी श्रीपुरकी सीता मेहताको स्वास्थ्यअवस्था गम्भीर हुँदै गएको छ । उनलाई बच्चा जन्माउने डाक्टरले दिएको समय नाघिसकेको छ । स्वास्थ्य कार्यकर्ताले 'मृत बच्चा जन्मन सक्ने' भन्न थालेपछि उनका आफन्तजन चिन्तित हुन थालेका छन् । मुख्यत पौष्टिक खानाको अभावले सुत्केरी महिला र नवजात शिशुको अवस्था दयनीय हुँदै छ । आमाको दूध नआउने, तातो सुत्ने ठाउँ नहुनाले बच्चाहरू धेरै बिमारी हुने गरेका छन् । एघार दिनकी सुत्केरी हरिपुरकी बिजुलीदेवी सदा भन्छिन्, 'चिसोले होला, छोरी रुन्छे मात्रै दूध चुस्नै सक्दिनन् ।'

शिविरहरूमा बढेको फोहोरमैला, फोहोर खाना, दूषित पानी, खुल्ला ठाउँको दिसापिसाबको दुर्गन्ध, औषधिको अभावजस्ता कारणले विस्थापित बालबालिकालाई विभिन्न स्वास्थ्य समस्या देखिन थालेको छ । स्वास्थ्यकर्मी मीरा पोखेल भन्छिन्, 'प्रायः धेरै केटाकेटीमा झाडापखाला, टाइफाइड र निमोनियाले भेटेकै छ ।'

मृत्यु हुनेको सङ्ख्या पनि बढ्दै छ । जिल्ला प्रशासन कार्यालय सुनसरीका अनुसार अहिलेसम्म १६ विस्थापितको मृत्यु भइसकेको छ । जसमा सातजना महिला छन् भने ६ जना १४ वर्षमुनिका बालबालिका छन् । खानाबाट उत्पन्न रोगका कारण उनीहरूको मृत्यु भएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

बालबालिकाको शैक्षिक भविष्य अन्योल छ । अहिले पनि विद्यालयहरू डुबानमा छन् । शिविरका रूपमा उपयोग गरिएका विद्यालयहरू कहिले खाली हुने हुन्- निश्चित छैन । शिविर राखिएका विद्यालय खाली गर्नुपर्ने र बाढी प्रभावित क्षेत्रका सबै बालबालिकाका लागि छुट्टै विद्यालयको व्यवस्था हुनुपर्ने माग अभिभावकको छ । जिल्ला शिक्षा अधिकारी दीपक काफ्लेले एक हप्ताभित्रमा विद्यालय क्षेत्रबाट शिविर खाली गरेर पठनपाठन थालिने जानकारी दिएको धेरै हप्ता बितिसक्दा पनि त्यहाँका शिविरहरू हट्ने छाँट छैन ।

जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख रामधन मेहताले सुत्केरी, गर्भवती महिला अनि बालबालिकाको स्वास्थ्यलाई ध्यानमा राखेर प्रत्येक शिविरमा स्थलगत रूपमा स्वास्थ्यकर्मी परिचालन गरिएको बताए । शिविरमा उपचार हुन नसकेकालाई जिल्ला अस्पताल पठाउने व्यवस्था गरिएको उनको भनाइ थियो । विस्थापितका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका स्वास्थ्य संस्थाहरूले पनि सेवा दिइरहेका छन् । मेहताले शिविरमा विस्थापितको सङ्ख्या निकाल्ने र वर्गीकरण गर्ने काम प्रभावकारी नभएकाले अस्तव्यस्तता बढ्दै गएको बताए ।

प्रजिअ भण्डारीले हाल उपयोगमा रहेका २८ वटा शिविरका वैकल्पिक दीर्घकालीन शिविरहरूको खोजी जारी रहेको जानकारी दिँदै वैकल्पिक शिविरमा स्थानान्तरणसँगै शिक्षा, स्वास्थ्य, खानपान, बसोबासलगायतका सबै समस्या हल हुँदै जाने बताए । तर, उनले भनेजस्तो 'हल हुँदै जाने क्रम' कहिलेबाट थालनी होला अहिल्यै केही भन्न सकिन्न ।

■■■

*सञ्चारिका फिचर सेवा / सञ्चारिका समूह*

# अलैंचीले जीवन हराभरा

**अलैंची खेतीले संखुवासभाका किसानको जीवन हराभरा पारिदिएको छ। तर, उन्नत खेती-प्रणालीका लागि प्राविधिक ज्ञानको अभाव छ। अलैंचीका लागि चाहिने प्रशोधन केन्द्र छँदै छैन। सरकारी सहयोग पाउने हो भने उनीहरूले आफ्नो उत्पादन अझ बढाउने थिए।**

✍ **रमला सिङ्गक लिम्बू**

**संखुवासभा/** पूर्वीपहाडको विकट जिल्ला संखुवासभा, अनि त्यहाँको पनि विकट गाउँ हो- मत्स्यपोखरी। हर्कसिंह गुरुङ यही गाउँका बासिन्दा हुन् जसले अहिले गाउँमा आफ्नो मेहनतले छुट्टै पहिचान बनाएका छन्। यसको रहस्य हो- अलैंची खेती गर्न उनले देखाएको जाँगर। 'मेहनत गरे डाँडापाखामै सुन फलाउन सकिन्छ' भन्ने उक्तिलाई उनले साँचो सावित गरिदिएका छन्। भिरालो जग्गामा मेहनत गरेर अलैंची खेती गर्न थालेपछि गुरुङको जीवनस्तरमै कायापलट आएको छ। गाउँका निम्नवर्गीय बासिन्दा गुरुङले आफ्नै मेहनतबाट गरेको कमाइले चिचिला बजारमा रु. १० लाखबराबरको घर बनाएका छन्, दुई छोराछोरी काठमाडौंमा पढ्छन्। गाउँकै चिचिलामा उनले होटल पनि चलाएका छन्। करिब २० रोपनी जग्गामा गरेको अलैंची खेतीबाट उनी अहिले पनि रु. ५० हजारजति वार्षिक आम्दानी गर्छन्। आफ्नै मेहनतले भएको प्रगति देखेर दङ्ग परेका गुरुङ भन्छन्, 'पहिले यही जग्गामा अरू बाली लगाउँदा खान र लगाउनै पुग्दैनथ्यो, अहिले सम्पूर्ण आम्दानीको स्रोत यही हो।' अरू बाली लगाउन छोडेर अलैंची खेती सुरु गर्न उनले लिएको जोखिम आखिरमा सफल सावित भयो।

अलैंची खेतीका लागि लगानी र श्रम धेरै नचाहिने, अन्नबालीको तुलनामा तेब्बर बढी आम्दानी पनि हुने भएपछि यहाँका धेरै किसानले अन्नबाली छोडेर अलैंची खेती गर्न थालेका छन्। अलैंची खेती गरेपछि भएको फाइदाले मत्स्यपोखरी गाविसका धेरै किसानले सदरमुकाम खाँदबारी र चिचिला बजारमा घर/घडेरी किनेका छन्। त्यस क्षेत्रका ३५ घरपरिवारले चिचिला बजारमा घर बनाई होटल व्यवसाय र खुद्रा व्यापार सुरु गरेका छन्। चिचिला बजार मकालु हिमाल जाने बाटोमा पर्छ। दुर्गममध्येमा सुगम मानिने यो बजारमा सदरमुकाम खाँदबारीदेखि केही महिनायता गाडीसमेत गुड्न थालेको छ। छोराछोरी विद्यालय नपठाउने अभिभावकले अहिले छोराछोरीलाई बोर्डिङ भर्ना गरेका छन्। गाउँबाट चिचिला बजार बसाइँ सरेका बसन्त गुरुङ भन्छन्, 'खेत मासेर अलैंची खेतीमा नलागेको भए गुजाराका लागि अहिले ज्याला-मजदुरीको काम खोज्नुपर्थ्यो।' १५ वर्षअघि रु. २ हजार लगानी गरेर २० रोपनी जग्गाबाट सुरु गरेको खेती अहिले उनले ४० रोपनीमा पुऱ्याएका छन्। वार्षिक ८० हजार हाराहारीको आम्दानी यसबाट हुँदै आएको छ।

**अलैंची खेतीका लागि लगानी र श्रम धेरै नचाहिने, अन्नबालीको तुलनामा तेब्बर बढी आम्दानी पनि हुने भएपछि यहाँका धेरै किसान अन्नबाली छोडेर अलैंची खेती गर्न थालेका छन्।**

परम्परागत खेती-प्रणालीबाट गुजारा नचलेपछि सदरमुकाम खाँदबारीदेखि उत्तरपूर्वमा पर्ने दिदिङ र मत्स्यपोखरी गाविसका किसानले डेढ दशकअघिदेखिको अन्नबाली छाडेर अलैंची खेती सुरु गरेका हुन्। यो क्षेत्र अहिले संखुवासभाकै सबैभन्दा बढी अलैंची उत्पादन हुनेमा पर्दछ। अन्नबाली लगाउँदा प्रतिरोपनी एक मुरी अन्न उत्पादन हुने यो ठाउँमा अलैंचीबाट वार्षिक रु. २० हजारदेखि ३० हजारसम्म आम्दानी हुने गरेको छ। स्थानीय किसान भन्छन्, 'अलैंची जति पुरानो भए पनि सड्दैन, गल्दैन। त्यसैले फाल्नुपर्ने समस्या आउँदैन। जति उत्पादन गरे पनि खेर जाँदैन। त्यसैले पनि धेरै किसान अलैंची खेतीतर्फ तानिएका हुन्।'

नेपाल अलैंची निर्यात गर्ने विश्वका प्रमुख मुलुकमध्ये एक हो। सुगन्धित तेल, औषधिलगायत उत्पादनका लागि अलैंची प्रशोधन गरी भारतीय बजार हुँदै खाडी मुलुक पुऱ्याउने गरिएको छ। कृषि उपजको बजार धरानका बागवानीविज्ञ शम्भु कटुवाल खाडी मुलुकमा पुगेको अलैंची सुगन्धित तेल, आयुर्वेदिक औषधि र मसलाको रूपमा प्रयोग हुने गरेको बताउँछन्।

जिल्ला कृषि विकास कार्यालयका अनुसार अलैंची खेती संखुवासभाको आम्दानीकै पहिलो स्रोत बनेको छ। यहाँका मदिराम्बेनी, मावादिन, नुनढाकी, सिद्धकालीलगायतका गाविसमा तीन हजार तीन सय हेक्टर जग्गामा अलैंची खेती गरिएको छ। यसबाट वार्षिक एक अर्ब ५० करोड रुपैयाँको कारोबार हुने गरेको छ।

संखुवासभाको अलैंची खेतीले देशकै आर्थिक विकासमा योगदान पुऱ्याएको छ। तर, अझै पनि यहाँ आधुनिक तरिकाले खेती गरिएको छैन। अर्थात् उन्नत खेती-प्रणाली अपनाइएको छैन। रोपेको पहिलो वर्षदेखि फल्न थाल्ने अलैंची खेतीमा अलिकति मात्रै स्याहार पुऱ्याएमा लामो समयसम्म यसबाट उत्पादन लिन सकिन्छ। पछिल्लो समय नर्सरीमा बिउ राखेर पनि खेती गर्न थालिएको छ। तर, यो प्रविधिबाट रोपेको अलैंची पाँच वर्षपछि मात्रै फल्छ।

संखुवासभालगायत देशका धेरै भागमा अलैंची खेती विस्तार हुँदै गए पनि कहीँकतै प्रशोधन गर्ने, आयुर्वेदिक

औषधि र सुगन्धित तेल बनाउने कुनै कारखाना छैन। सरकारले त्यसका लागि अहिलेसम्म सोचेको देखिँदैन। उत्पादित अलैंची कच्चा पदार्थका रूपमा सिधै भारत पठाउनुपर्ने बाध्यता छ। भारतमा प्रशोधन भएपछि त्यसमा भारतकै 'लेभल' लगाएर विदेश पठाइन्छ। यसले गर्दा नेपाली अलैंचीको आर्थिक तथा ट्रेडमार्क फाइदा भारतले लिने गरेको छ।

संखुवासभाबाहेक तेह्रथुम, ताप्लेजुङ, धनकुटा, भोजपुर र इलाममा पनि अलैंची खेती हुन्छ। त्यहाँ चेप्टो आकारको रामसाई, गोलो गोलसाई र सानो चिबेसाई प्रजातिका अलैंचीको बढ्ता खेती गरिन्छ। अलैंचीबारे अनुसन्धान गर्दै आएका पूर्वाञ्चलका बागवानीविज्ञ शम्भु कटुवाल भन्छन्, 'नेपालमा वार्षिक १६ देखि २० हजार मेट्रिक टन अलैंची उत्पादन हुन्छ र यसमध्ये ९५ प्रतिशत विदेशमा निर्यात गरिन्छ।'

२०३५ सालदेखि सुरु भएको अलैंची खेती क्रमशः व्यावसायिक बन्दै गए पनि उन्नत तरिकाले खेती गर्ने परम्परा भने अझै सुरु भएको छैन। उद्योग वाणिज्य सङ्घ संखुवासभाका अध्यक्ष श्यामसुन्दर उदास जिल्लाका किसानमा अलैंची खेतीबारे सामान्य प्राविधिक ज्ञानसमेत नभएको बताउँछन्। खेती-प्रणालीमा लाग्ने रोगबारे पनि उनीहरू बेखबर छन्। किसानले अनुभवका आधारमा अलैंचीमा लाग्ने रोग पत्ता लगाउने गरेका छन्। दुई वर्षअघिदेखि अलैंचीमा डढुवा रोग देखिन थाले पनि रोकथामको पहल नहुनु त्यसकै प्रमाण हो। किसान भन्छन्, 'कृषि विकास कार्यालयले डढुवा रोगबारे सिकाएको छैन, हामीलाई पनि के गर्ने भन्ने थाहा छैन।' अलैंचीमा रोग लागेको दुई वर्ष भइसक्दा पनि कृषि विकास कार्यालय अनुगमन गर्न नआएको दुःखेसो किसानले गरे।

■■■

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

# सन् २०१५ सम्म सबै साक्षर : गैरीगाउँ एउटा कठोर व्यङ्ग्य

**गैरीगाउँ, रूपन्देहीको यस्तो गाउँ हो जो 'सन् २०१५ सम्म सबैलाई साक्षर बनाउने' सरकारी नाराको खिल्ली उडाएर बसेको छ। धेरैजसो निरक्षर यस गाउँबाट अहिलेसम्म एकजनाले पनि एसएलसी उत्तीर्ण गरेका छैनन्।**

**इन्दिरा अर्याल**

**बुटवल**/ छोराछोरी दुई वर्ष नाघ्न थालेपछि धेरैजसो आमाबाबुलाई विद्यालय पठाउने हतार हुन थाल्छ। चार-पाँच वर्षको हुँदासम्म यस्ता नानी र बाबुहरू विद्यालयका नियमित विद्यार्थी भइसकेका हुन्छन्। तर, रूपन्देहीको देवदह गाविसको गैरीगाउँकी रेखा घर्ती ११ वर्षको उमेरमा बल्ल कक्षा एकमा भर्ना भएकी छिन्। उनको उमेरका साथीहरू सात-आठ कक्षामा पुगिसके। आफ्नो उमेरका साथी नहुँदा उनलाई पढ्न मन लाग्दैन। 'वर्षौंटे छोराछोरी जन्मे, कमाइ नहुनेले कसरी छोराछोरी पढाउनु ?,' छोरीलाई ढिलो पढ्न पठाउनुको कारणबारे आमा माया घर्ती भन्छिन्। घर्ती परिवार २० वर्षअघि गुल्मीबाट सस्तो र गरिखान सकिने जग्गा खोज्दै गैरीगाउँको सुकुम्बासी बस्तीमा बसाइँ सरेको हो।

रेखाजस्ता गैरीगाउँका धेरै बालबालिका ८-९ वर्ष पुगेपछि मात्रै स्कुल जान थाल्छन्। नेपाली शिक्षा क्षेत्रमा देवदहको छुट्टै पहिचान छ। शिक्षाको फलामे ढोका भनिने प्रवेशिका (एसएलसी) मा गत वर्ष देवदहका अनिश लामिछाने नेपालभरमै दोस्रो भए। यस वर्ष गगन कँडेलले उस्तै कीर्तिमान राखे। तर, सोही गाविसको गैरीगाउँमा हालत यो छ, जहाँ अहिलेसम्म पनि एसएलसी जाँच दिएको एकजना मान्छे छैन। आर्थिक अभाव र नजिकमा विद्यालय नभएकाले छोराछोरीलाई पढाउन नसकिएको र त्यसकै कारण यो स्थिति आएको दुःखेसो अभिभावकहरू सुनाउने गर्दछन्। गैरीगाउँदेखि तीन किलोमिटर दक्षिणमा जनप्रिय माध्यमिक विद्यालय छ। खुट्टामा चप्पलसमेत लाउन नपाएका स-साना बालबालिकालाई हिँडेर त्यहाँसम्म पुग्न निकै कठिन छ। त्यहाँ पनि शुल्क तिरेर मात्रै पढ्न पाइन्छ। साँझ-बिहान छाक टार्ने समस्याले पिरोलिइरहेका अभिभावक छोराछोरी पढाउँदा शुल्क तिर्नुपर्ने भएकाले बरु छोराछोरी नै पढाउँदैनन्।

तर, सरकारी/गैरसरकारी संस्थाले पछिल्लो समयमा शैक्षिक चेतना विस्तारका कार्यक्रमलाई बढावा दिएपछि यहाँका अभिभावकमा शिक्षाप्रति चासो भने बढेको छ। छोराछोरी पढाउनुपर्छ भन्ने सोचाइ विकास हुन थालेको छ। तर, आर्थिक समस्या झेलिरहेका अभिभावक विद्यालयलाई बुझाउनुपर्ने शुल्क, टाढाको विद्यालय र अन्य समस्याले गर्दा निराश छन्। त्यसकै उदाहरण हो- वैशाखबाट कक्षा सुरु भए पनि भदौसम्म उनीहरूले सबै किताब किन्न सकेका छैनन्। स्थानीय काली परियार भन्छिन्, 'सरकारी स्कुल भने पनि शुल्क तिर्नुपर्ने, पोसाक, कापी, किताब, कलम, सबै आफैंले किन्नुपर्ने रहेछ, हैरानै भयो।'

धनबहादुर नेपाली यो गाउँमा सबैभन्दा बढी पढेका मानिस हुन्। उनले नौ कक्षा उत्तीर्ण गरेका छन्। एसएलसी दिनुपर्ने अन्यत्रका विद्यार्थी ट्युसन र कोचिङ पढ्न व्यस्त होलान्। तर, सबै किताबसमेत किन्न नसकेका धनबहादुरले कहाँबाट ट्युसन पढ्नु? काम गर्नुपर्ने भएकाले घरमा पनि उनी राम्रोसँग पढ्न पाउँदैनन्। 'घरमा राति बत्ती बालेर पढ्ने अवस्था छैन,' धनबहादुर दुःखेसो गर्छन्, 'एसएलसी पास गरेर गाउँको नाम राख्ने धोको पूरा नहोलाजस्तो छ।'

बाबु लक्ष्मण नेपाली दुःखेसो सुनाउँछन्, 'महिनाको सय रुपैयाँ तिर्नुपर्छ। भर्ना गर्न दुई सय पचास। ऋण खोजेको पैसा तिर्न बाँकी छ। मट्टीतेल कसरी किन्नु र रातमा पढ्न दिनु ?'

महँगीमा मट्टीतेल किनेर बाल्न नसकेका धनबहादुरका बाबुआमालाई छोरालाई एसएलसी पास गराउन नसकिएला कि भन्ने चिन्ता छ। बाबु लक्ष्मण भन्छन्, 'पहिला एक टुकी मट्टीतेल पाँच रुपैयाँमा पाइन्थ्यो, अहिले आठ रुपैयाँ पर्छ। एक टुकी मट्टीतेल खाना पकाउँदा ठिक्क हुन्छ। छोराछोरीले पढ्न खोजे दुई टुकी चाहिन्छ। दिनको सोह्र रुपैयाँ तिरेर मट्टीतेल बाल्ने कि मुखमा माड लगाउने ?'

केही गैरसरकारी संस्थाले यहाँ कृषि र अन्य आयआर्जनका तालिम दिने तथा पढाइप्रति चेतना बढाउने पहल पनि थालेका छन्। तर, गरिबीका कारण उनीहरू सिकेका र बुझेका कुरा पनि व्यवहारमा लागू गर्न सक्दैनन्। दलित र मगर जातिको बसोबास भएका देवदहकै केउली, सरनटाँडी, मुढाबासलगायतका गाउँमा पनि यही अवस्था छ। दुई-तीन गाउँको बीचमा पर्ने प्राथमिक विद्यालयमा विद्यार्थी सजिलै पुग्न सक्दैनन्। गाविससचिव डिल्लीराज मरासिनी भन्छन्, 'यस्तो विजोगमा परेका धेरै बस्ती भए पनि गाविसमा स्रोत अभाव र शिक्षा कार्यालयले ठोस योजना नल्याउँदा धेरै बालबालिका शिक्षाको पहुँचबाट टाढै छन्।' गरिबी, अभिभावकको रातदिन ज्यालादारी काम खोज्दै हिँड्नुपर्ने बाध्यता र शिक्षा कार्यालयका गतिविधिसमेत अझैसम्म गाउँकेन्द्रित हुन नसक्दा यो अवस्था आएको बुझ्न सकिन्छ।

रूपन्देहीमा कुल जनसङ्ख्याको करिब १३ प्रतिशत दलित छन्। ६६ प्रतिशत जनसङ्ख्या साक्षर रहेको र गैरसरकारी संस्थाको तथ्याङ्कमा ३७ प्रतिशत दलित साक्षर उल्लेख गरिए पनि जिल्ला शिक्षा कार्यालयसँग यससम्बन्धी तथ्याङ्क छैन। सरकारले सन् २०१५ सम्म 'सबैका लागि शिक्षा'को नारा घन्काएको छ। तर, गैरीगाउँको अवस्थाले त्यो नाराको खिल्ली उडाइरहेको छ। शिक्षा कार्यालयका कार्यक्रम अधिकृत हेमबहादुर क्षेत्री गैरीगाउँकै जस्तो समस्या बुटवल नगरपालिकाभित्रैका तिनाउ छेउछाउका बस्ती, मर्चवार, लुम्बिनीलगायतका ठाउँमा समेत भएकाले शिक्षा कार्यालयले मात्रै केही गर्न नसक्ने बताउँछन्। भन्छन्, 'शिक्षामा विपन्नको पहुँच बढाउन सरकारले शैक्षिक क्षेत्रमा लगानी बढाउनुपर्छ।'

जिल्लाको शैक्षिकस्तर उकासेर शिक्षामा विपन्न समुदायको पहुँच पुऱ्याउन जिल्लावासीले नै सामूहिक प्रयास थाल्नुपर्ने उनको सुझाव छ। नयाँ बजेटमा दलितलाई १२ कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गरिने उल्लेख भएकाले दलित समुदायमा केही आश पनि बढेको छ। दलित गैरसरकारी संस्था महासङ्घ रूपन्देहीका अध्यक्ष बाबुराम प्यासी भन्छन्, 'यसको कार्यान्वयन र जनचेतना फैलाउने काम पनि सँगसँगै गरे समस्या धेरै हदसम्म समाधान हुने थियो।'

■■■

*सञ्चारिका फिचर सेवा /सञ्चारिका समूह*

# जङ्गलमै सामूहिक खेती आत्मनिर्भर हुँदैछन् मुक्त कमैया

**एक वर्षअघिसम्म सामुदायिक वन र सार्वजनिक जग्गा देख्यो कि टहरा हाल्न अघि सर्ने मुक्त कमैयाहरू अहिले सार्वजनिक जग्गाको जगेर्ना र सामुदायिक वनलाई नै माया गर्ने भएका छन्। कारण यस्ता ठाउँमा सामूहिक खेती गरेर उनीहरू अहिले राम्रो कमाइ गर्न थालेका छन्।**

**दुर्गा देवकोटा**

**टीकापुर**/ साँझ-बिहानको छाक टार्नकै लागि समस्या झेलिरहेका टीकापुरका मुक्त कमैयालाई हिजोआज गुजाराको समस्या छैन। बस्ने थातथलो एकातिर भए पनि ज्यालादारी कामको खोजीमा चार दिशा भौँतारिनुपर्दैन। मान्छे एक्लैले केही गर्न सक्दैन तर मिलेर गऱ्यो भने गाह्रो काम पनि गर्न सकिन्छ। मुक्त कमैयाले त्यही गरेर देखाए। कामको खोजीमा एक्लाएक्लै भौँतारिने उनीहरूले अहिले सङ्गठित भएर सामूहिक खेती थालेका छन्। खाली रहेको सार्वजनिक जग्गा र सामुदायिक वनभित्रको जग्गामा सामूहिक खेती गरेर उनीहरूले राम्रै कमाइ गर्न थालेका छन्।

कमैया मुक्तिपछि सरकारले जग्गा नदिएको भनेर उनीहरूले सार्वजनिक र वनको जग्गा कब्जा गरेर बसे पनि। त्यसो गर्दा धेरै ठाउँमा विवाद पनि भयो। टीकापुरका मुक्त कमैया आसपासको जङ्गल र सार्वजनिक जग्गामा खेती गरेर बसेका छन्। यतिखेर जग्गाको विषयलाई लिएर विवाद छैन। उनीहरूले वनभित्रको जग्गाको यसरी पनि सदुपयोग गर्न सकिन्छ भन्ने देखाएका छन्। पहिले-पहिले जग्गाको विषयमा विवाद पर्दा देखिनसहने मानिस अहिले उनीहरूका सहयोगी भएका छन्। मुक्त कमैया समाज शिवनगरकी उपाध्यक्ष रेश्मली चौधरी भन्छिन्, 'वन कब्जा गरे भनेर झुप्रामा आगो लगाएर लखेट्ने सामुदायिक वन समितिहरू अहिले आफैं जग्गा दिएर खेती गर्न सहयोग गर्छन्।'

पहिले-पहिले मुक्त कमैयाहरू ज्याला-मजदुरीको काम तथा अधियाँ बाली लगाउने जग्गाको खोजीमा टाढा-टाढासम्म भौँतारिन्थे। अहिले त घरछेउमै खेतीपाती

लगाइएको छ । काम खोज्दै टाढा पुग्ने झन्झट छैन । मुक्त कमैयाद्वारा गठित शिवनगर समूहका सचिव रामफल थारू सामूहिक खेतीले मुक्त कमैयाको जीवनमा ठूलै परिवर्तन ल्याएको बताउँछन् । थारू भन्छन्, 'काम खोज्न टाढा जानुपर्दैन, गुजारा गर्न सजिलो छ ।'

शिवनगरका मुक्त कमैयाले समूहका सदस्यबाट उठाएको प्रतिव्यक्ति रु. १० जम्मा गरेर गत वर्ष ६ बिघा जमिनमा बेसार खेती गरे । करिब तीन सय क्विन्टल बेसार फल्यो । सुकाएर पिसेपछि प्रतिकेजी रु. ८० का दरले बिक्री भयो । टीकापुर बजारमै बेसार बिक्री भएपछि झन् सजिलो भयो । उत्पादित बेसारमध्ये केही बिउका रूपमा राखेर सबै बिक्री गरियो । त्यसमध्ये समूह र सामुदायिक वनलाई दिएको रकमबाहेक उनीहरूले एकै वर्ष ४५ हजार रुपैयाँ बचत गरे । बजारमा अहिले बेसारको माग बढेको छ । त्यसैले उनीहरूले बेसार खेती गर्ने क्षेत्र त बढाएकै छन्, करिब १० बिघा जग्गामा तरकारी खेतीसमेत लगाइएको छ ।

कैलाशेश्वर सामुदायिक वनमा पनि मुक्त कमैयाले बेसार खेती गरेका छन् । वनभित्रको खाली जग्गामा तरकारी र बेसार खेती गर्न दिइएको समितिका अध्यक्ष भरतबहादुर कडायत बताउँछन् । गत वर्ष वन संरक्षण गर्ने वाचा गरी ६ बिघा जग्गामा खेती गरेका मुक्त कमैयाले खेतीमा राम्रो दखल देखाएपछि यस वर्ष आठ बिघा जमिन बेसार खेतीका लागि दिइएको हो । कडायत भन्छन्, 'यसपालि राम्रो प्रभाव देखियो, अर्को वर्ष थप जग्गासमेत दिने योजना छ ।'

**वन कब्जा गरे भनेर झुप्रामा आगो लगाएर लखेट्ने सामुदायिक वन समितिहरू अहिले आफैं जग्गा दिएर खेती गर्न सहयोग गर्छन् ।**

सामुदायिक वनभित्रै हुने खेतीले आयआर्जन त भयो नै, वनलाई पनि कुनै असर परेन । यसले सामुदायिक वन उपभोक्ता समूहलाई पनि यस्तो खेतीप्रति आकर्षित गर्‍यो । मुक्त कमैयाको प्रगतिबाट सिको गर्दै कैलालीका कतिपय सामुदायिक वनमा जडीबुटी खेती पनि सुरु गरिएको छ । कमैयाले सामुदायिक वनमा खेती गरेबापत वनमा रहेका साना बिरुवा तथा रूखहरू संरक्षण गर्नुपर्ने भएकाले वनजङ्गल संरक्षणसमेत पहिलेभन्दा चुस्त छ ।

सामूहिक खेतीमा भएको प्रगतिले मुक्त कमैयालाई थप नयाँ काम गर्न हौस्याएको छ । बेसार खेतीबाट उत्साहित मुक्त कमैयाहरू यस वर्ष आफैं बेसार पिस्ने मेसिन किन्ने योजनामा छन् । शिवनगर मुक्त कमैया शिविरका अध्यक्ष श्यामप्रसाद डगौरा थारू भन्छन्, 'मेसिन किनेर आफैं पिस्ने गर्दा १०/१२ जनाले रोजगार पाउने र समूहमा आम्दानी पनि बढ्छ ।'

मसलाको रूपमा प्रयोग हुने जरासँगै बेसारको पातको समेत उपयोग हुन थालेको छ । बेसारको पातको तेलबाट राम्रो आम्दानी हुने व्यापारी तेजेन्द्र थापा बताउँछन् । उनी भन्छन्, 'हलेदोबाट निस्केको तेल बजारमा प्रतिकेजी एक हजार पाँच सय रुपैयाँसम्ममा बिक्री हुन्छ ।'

सामूहिक खेती सुरु गरिएपछि वनमा भएका रूख जथाभावी काट्ने क्रम घटेको छ । यसले वन संरक्षणमा पनि सघाउ पुर्‍याएको छ । वनमा बेसारसँगै तरकारी, मास, मुसुरोको खेतीसमेत सुरु गरिएकाले मुक्त कमैयाहरू आफ्नै प्रयासबाट आत्मनिर्भर बन्न थालेका छन् ।

सामूहिक खेतीबाट मुक्त कमैयाले रोजगारी त पाएकै छन्, बचत पनि सुरु गरेकाले अप्ठ्यारो पर्दाको गर्जो टार्न पनि सजिलो भएको छ । समूहमा बचत हुन थालेपछि भैपरी आउने आकस्मिक खर्चका लागि अरूसँग हात थाप्नुपरेको छैन । मनकुमारी चौधरी भन्छिन्, 'बिरामी पर्दा ऋण खोज्दा पनि पाइँदैनथ्यो । समूहमै बचत हुन थालेपछि धेरै सजिलो भएको छ ।' समूह गठन भएपछि हर्षित फिरुलाल थारू भन्छन्, 'अहिले थोरै ब्याजदरमा समूहबाटै सजिलै ऋण पनि पाइन्छ ।'

सामूहिक खेतीबाट मुक्त कमैयाको जीवनस्तर मात्रै बदलिएको छैन, यही पेसाबाट उनीहरूले सामाजिक कामसमेत थालेका छन् । बेसार, मास, मुसुरो तथा तरकारी खेतीबाट भएको आम्दानीबाट विद्यालय भवन निर्माण हुन थालेको छ । कक्षाकोठाको अभावमा दुःख गरी पढिरहेका बालबालिकालाई सुविधा भएको छ । यही रकमबाट समितिको कार्यालयसमेत बनेको छ । शिविरकी राजकुमारी चौधरी भन्छिन्, 'स्कुल टाढा भएकाले छोराछोरी पढाउन समस्या थियो । सामूहिक खेतीको आम्दानीले शिक्षक राखेर मुक्त कमैयाका बालबालिका पढाउन थालेका छौं ।'
वनभित्रै खेती गरेर आयआर्जन बढाउन मुक्त कमैयालाई कतै सामुदायिक वन उपभोक्ता समूह र कतै समुदायका लागि वन वातावरण मञ्चले सहयोग गरेका छन् । मुक्त हुनु पहिले अरूकै जग्गा जोतेर जसोतसो जोहो गर्दै आएका मुक्त कमैयाहरू फराकिलो जग्गा पाएपछि खेती गर्न तम्सिहाल्छन् । टीकापुरको विजयनगर शिविरका मुक्त कमैयाले पनि विगत तीन वर्षदेखि सामूहिक खेती गरिरहेका छन् । उनीहरूले सहकारी पसल पनि खोलेका छन्, त्यसैले किनमेल गर्न अन्यत्र जाँदैनन् । त्यहाँ २२ लाखभन्दा बढीको सामान राखिएको छ । खेती गर्न केही गैरसरकारी संस्थाले जोत्ने ट्याक्टर, बोरिङ र पम्पसेट दिएर सहयोग गरेकाले काम गर्न सजिलो हुँदै गएको छ ।

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# पिपलाडीमा द्वन्द्वको आलो घाउ : उनीहरू कहाँ छन् ?

**युद्धकालमा कञ्चनपुरको पिपलाडीबाट बेपत्ता पारिएका ३० जना मानिसको न कुनै खबर छ न त बेपत्ता सूचीमा अभिलेख नै । माओवादी नेतृत्वको सरकार पनि यी 'अभागी' परिवारजनको पीडाप्रति पूरै उदासीन देखिन्छ ।**

**✍ लोगशरी कुँवर**

**कञ्चनपुर**/ राज्यविरुद्ध विद्रोह गरेर दस वर्ष सशस्त्र सङ्घर्ष गरेको नेकपा माओवादीले अहिले सत्ताको नेतृत्व गरिरहेको छ । माओवादीका कार्यकर्ता र समर्थकहरू दसवर्षे युद्धबाट 'पीडित' बनेको भन्दै धमाधम राहत थाप्दै छन् । तर, सुदूरपश्चिमी जिल्ला कञ्चनपुरको एउटा विकट गाउँ पिपलाडी त्यही युद्धले छाडेर गएको घाउले आहत छ । कारण, यहाँबाट हराएका ३० जना मानिस न फर्केर आए न कुनै खबर मिल्यो । युद्ध समाप्त भएको र देशमा लोकतन्त्र आएको अढाइ वर्ष बितिसक्यो तर पिपलाडीका ती ३० जना अभागीका परिवारजन शोकमै छन् ।

२०५९ भदौ २९ गते बिहानको झिसमिसे समय थियो । १६ वर्षीय सुन्दरलाल, उनकी बहिनी १५ वर्षीया मधु चौधरी र मामाका छोरा प्रकाश चौधरी बिहान घरमै सुतिरहेका थिए । संयुक्त सुरक्षा बेसक्याम्प झलारीबाट आएको युनिफाइड कमाण्डको टोलीले उनीहरूलाई उठाएर लगे । त्यसपछि उनीहरूको कुनै अत्तोपत्तो छैन । परिवारजन अहिले पनि उनीहरू फर्केर आउँछन् कि भन्दै कुरिरहेका छन् ।

२०५८ मा माओवादी पार्टीमा लागेका पिपलाडीकै लोहापुरका अमरसिंह बोहोरा त्यही वर्ष यसैगरी हराए । उनकी श्रीमती तारादेवीलाई त्यसको दुई-तीन महिनापछि एकजना माओवादी कार्यकर्ताले 'तपाईंको श्रीमान् त सहिद हुनुभो' भनेका थिए । तर, भर्खरै माओवादी नेतृत्वको सरकारले सार्वजनिक गरेको सहिद परिवारको विवरणमा उनको नाम समावेश छैन । भारतमा नोकरी गरेर जहानबच्चा पाल्दै आएका अमरसिंहलाई माओवादीले करकाप गरी पार्टीमा लगाएका थिए । तारादेवी भन्छिन्, 'त्यसपछि एकपल्ट सोधखोज गर्न पनि आएनन् ।' ६ कक्षा पढ्दा-पढ्दै माओवादीतिर लागेका लोहारपुरका १८ वर्षीय वीरबहादुर बोहोरा पनि त्यसैगरी हराए । उनका बाबु कल्याण बोहोरा २०५९ मै कञ्चनपुरको धारापानीमा सेनाले गोली हानेर मारेको हल्ला सुनेको तर अहिलेसम्म छोराको केही खबर नपाएको पीडा सुनाउँछन् ।

सुन्दर, मधु, अमरसिंह र वीरबहादुरजस्तै कञ्चनपुरको पिपलाडीमा माओवादी युद्धताका बेपत्ता बनाइएका ३० जनाको अवस्था अहिलेसम्म पनि अज्ञात नै छ । पिपलाडी-६ का सुन्दरलाल चौधरी, प्रकाश चौधरी, जगत चौधरी, पुरनलाल चौधरी, शङ्कर चौधरी, टलता चौधरी, सङ्गीता चौधरी, महालक्ष्मी चौधरी, अनिता चौधरी र मधु चौधरी राज्यबाट बेपत्ता पारिएको स्थानीयवासी जानकारी दिन्छन् । त्यसैगरी, पिपलाडी-५ का लप्टन चौधरी, चित्कार चौधरी, फूलमती चौधरी, रातोकुमारी चौधरी, वडा नम्बर ४ का अमरबहादुर बोहोरा, वीरबहादुर बोहोरा, मोहन चौधरी, धनबहादुर चौधरी, अरुण चौधरी, छेदुलाल चौधरी, बिन्तिराम चौधरी, सिर्जना चौधरी, वडा नम्बर ३ का पुष्पा चौधरी, सन्तोषी चौधरी, बन्दना साउद, आँधी राना, सुन्दर चौधरी, मनोज राना, बसन्त जोशी र ९ का शरद अवस्थीलाई राज्यले बेपत्ता बनाएको बताइन्छ । माओवादीले यहाँबाट अपहरण गरेका जितबहादुर चौधरी, उनकी आमा लर्कीनिया चौधरी र रमेश थापाको पनि अहिलेसम्म केही खबर छैन ।

राज्य वा माओवादी जसले बेपत्ता बनाएको भए पनि उनीहरूको अभिलेख राखेको पाइन्छ । राष्ट्रिय मानवअधिकार आयोगदेखि अन्य सङ्घसंस्थाले बेपत्ताबारे लामो सूची नै सार्वजनिक गर्दै आएका छन् । तर, पिपलाडीका यी ३० जना अभागीको नाम कहीँ कतै समावेश छैन । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को मानवअधिकार वर्ष पुस्तक २००३ मा सुन्दर, जगतराम र धनबहादुर चौधरी राज्यबाट मारिएको र माओवादीबाट बेपत्ता पारिएका रमेश थापाको २०५९ मङ्सिर २ गते सकेट बम पड्काएर हत्या गरिएको उल्लेख छ ।

त्यसपछि गएको वर्ष रेडक्रसको अन्तर्राष्ट्रिय समिति ( आईसीआरसी) ले 'जनयुद्ध' सुरु भएयता नेपालमा ११६० जना बेपत्ता रहेको तथ्याङ्क सार्वजनिक गरेको थियो । तर, त्यसमा पिपलाडीबाट हराएका ३० जनाको नाम समावेश छैन । 'कञ्चनपुरमा राज्यबाट चार र माओवादीबाट दुईजनामात्रै बेपत्ता भएको उजुरी हामीकहाँ परेको छ,' राष्ट्रिय मानवअधिकार आयोगको धनगढी क्षेत्रीय कार्यालयका संरक्षण अधिकृत दीपेन्द्र सिंह भन्छन्, 'पिपलाडीमा धेरै बेपत्ता रहेको सुनेका छौँ तर त्यसबारे अनुसन्धान भएको छैन ।'

युद्धकालमा पक्राउ परेर जेल परेकाहरूबाहेक राज्य वा माओवादीबाट बेपत्ता बनाइएकाहरू घर फर्केका छैनन् । केही बेपत्ताको सूचीमा देखिए पनि उनीहरूको खबर नै छैन । धेरैको अवस्था भने पिपलाडीका यी मानिसको जस्तै हुनसक्छ, जसको न अभिलेख छ न कुनै खबर । परिवारजन उनीहरू फर्केर आइहाल्लान् भन्ने आश मार्न सकिरहेका छैनन्, विश्वास पनि पलाउन सकेको छैन । तारादेवी आफ्नो लोग्ने जिउँदै पो छन् कि भन्ने आश मार्न नसकेको झिनो आश सुनाउँछिन् । 'सधैं बम्बई (भारत) गइरहने मान्छे, आजभोलि पनि बम्बई नै गएका होलान् जस्तो लाग्छ ।' उनी प्रश्न गर्छिन्, 'स-साना तीन बालबच्चा छन्, उनीहरूलाई पाल्न धौ-धौ छ, मारेकै भए लास दिएको भए पनि ढुक्क

हुन्थ्यौँ, लासै नपाएपछि कसरी मरिसके भनेर विश्वास गर्नु ?' छोराको वियोगमा छटपटाइरहेका ५७ वर्षीय कल्याण बोहोरा भन्छन्, 'आफ्नो आँखाले लास नदेखेसम्म छोरो मरेको कसरी विश्वास गरूँ ?'

'भाइबहिनी फर्केर नआउँदा आमाका आँखा सधैं रसाइरहन्छन्, यो दुःख हेरेर घरमै नबसुँजस्तो लाग्छ,' सुन्दरका दाजु नरेन्द्र चौधरी भन्छन्, 'किताबमा जनवादी गीत लेखेकाले माओवादी हो भन्दै सेनाले पक्राउ गरेको हो। मारेकै हो भने भन्नुपर्‍यो, होइन भने घर फर्काइदिनुपर्‍यो।'

पिपलाडीका यी अभागीका परिवारजन लोकतान्त्रिक सरकारले आफ्ना आफन्तको अवस्था सार्वजनिक गरिदेओस् भन्ने याचना गरिरहेका छन्। त्यही याचनासहित उनीहरूले यही क्षेत्रबाट निर्वाचित संविधानसभासद् टेकेन्द्र भट्टलाई पटकपटक आग्रह गरे। तर, उनले समेत चासो नदेखाएको परिवारजनको गुनासो छ। सभासद् भट्ट भने बेपत्ताहरूको स्थिति तत्काल सार्वजनिक गरी युद्ध-अपराधीलाई कारबाही गर्न र पीडित परिवारलाई उचित क्षतिपूर्ति दिन आफ्नो पार्टी नेतृत्वले सरकारलाई घचघच्याइरहेको जवाफ दिन्छन्। उनी भन्छन्, 'म पनि पिपलाडीकै बासिन्दा भएकाले यसबारे बढी गम्भीर छु।' सशस्त्र द्वन्द्वका बेला बेपत्ता पारिएकाहरूको अवस्थाका विषयमा नयाँ सरकारको नीति तथा कार्यक्रम पनि आइसकेको हुनाले अब त्यसबारे केही टुङ्गो लाग्ने उनी बताउँछन्।

पिपलाडीका यति धेरै बेपत्ताहरूको रेकर्ड कसैसँग पनि नहुनु झनै रहस्यमय छ। यद्यपि सरोकारवालाहरूको जवाफ भने भिन्न छ। 'सबै हाम्रो रेकर्डमा छैनन्। एकै गाउँका त्यति मानिस हराउँदासम्म युद्धपछि पनि कुनै संस्थाको रेकर्डमा नदेखिनुले बेपत्ताबारे थप अनुसन्धानको खाँचो देखिन्छ,' इन्सेकका सुदूरपश्चिम क्षेत्रीय संयोजक खड्गराज जोशी भन्छन्, 'बेपत्ता नागरिकहरूका बारेमा सरोकार राख्ने निकाय र राज्यपक्षले सार्वजनिक गरेका तथ्याङ्कहरू एक-आपसमा नमिल्नुले थप अन्योल सिर्जना भएको छ। यस्ता नागरिकहरूको खोजी-कार्यलाई प्रभावकारी बनाउन उच्चस्तरीय न्यायिक छानबिन आयोग बनाइनुपर्दछ।' ■■■

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९/५५४६७१५
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@gmail.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह